नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- 629

मितिः २०८१/०८/१४

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री समृद्धि निलगिरी बिजुली उद्योग प्रा.लि.,
बुढानिलकन्ठ,काठमाडौं, नेपाल।
फोन नः ९८५१०२९२६९, ९८४१०१०३०५
9829025073

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित सुलीगाड अर्धजलाशययुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरु उल्लिखित समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८१/०८/०७ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

१. प्रस्तावित क्षेत्र <u>शे-फोक्सुण्डो राष्ट्रिय निकुंज</u>मा पर्ने देखिएको हुनाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा १२(५) बमोजिम <u>छ महिना</u> भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र।

२. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम <u>पैतिस (३५) दिनको</u> समयावधि भित्र निम्न विवरणहरू।

क) प्रवर्द्धक कम्पनीको दर्ताको प्रमाण पत्र (नोटराइज प्रतिलिपि),

ख) प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावली (नोटराइज प्रतिलिपि),

ग) प्रवर्द्धक कम्पनीको प्यान दर्ता (नोटराइज प्रतिलिपि),

घ) प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि,

ङ) संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.

च) Peaking volume, Energy table, Cost estimate, etc. समेत भएको Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)

छ) विभागबाट तोकिएको ढांचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू।

ज) नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,

झ) परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०७९/८० को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,

ञ) परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)

(सुजन निरौला)
इन्जिनियर
२०८१/०८/१४